# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

दर्ता नं. १००४/०६३/०६४, स्थायी लेखा नं.: ३०२७४४७३०
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०४९ अन्तर्गत स्थापति)
प्रधान कार्यालय: टेकु, काठमाण्डौ

## सिटिजन दुई गुणा बीमाङ्क रकम दिने बारेको पूरक करार

बीमा प्रस्ताव फारममा उल्लेख भए अनुसारको पेशा वा सो भन्दा कम वा सो सरह जोखिमपूर्ण पेशामा बीमित कार्यरत भएमा वा बीमितको पेशा परिवर्तनलाई बीमकले स्वीकार गरी यस पूरक करारको सम्पुष्टिमा जनाएको र यस पूरक करार चालु रहेको अवस्थामा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष पुरा हुनु भन्दा अगाडि यो पूरक करारनामा लागू भएको अवस्थामा बीमितको मृत्यु भएमा बीमालेख र यस पूरक करारको विशेष शर्त तथा सम्पुष्टि (Endorsement) को परिधी भित्र रही यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम प्रदान गरिनेछ । बीमालेखमा संलग्न गरिएको यो पूरक करार बीमालेखको अभिन्न अङ्ग मानिने छ र मूल बीमालेखमा यसको क्रम संख्या उल्लेख गरी बीमालेखको सम्पुष्टि खण्डमा जनाइएमा मात्र यो पूरक करारको कानूनी मान्यता हुनेछ ।
यस करार अन्तर्गत बीमा अवधि भित्र बीमितको मृत्यु भएमा अवधि समाप्त भए पश्चात् बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

### विशेष शर्तहरु

१. पूरक करार क्रियाशील हुने अवस्था:
यो पूरक करार बीमालेखको शर्तहरुको अधिनमा रहने छ तर बीमालेख व्यतित भई पुनर्जागरण नभएसम्म वा लाग्ने बीमाशुल्क भुक्तानी नभई बीमालेख चालु नभएमा यो पूरक करार लागू हुने छैन ।

२. स्वत: रद्द:
देहायको अवस्थामा यो पूरक करार स्वत: रद्द भई सो पछि यस बारे कुनै कारवाही हुने छैन :
(क) बीमालेख वा पूरक करार अन्तर्गत तिर्नुपर्ने बीमाशुल्क नतिरेमा,
(ख) बीमालेख चालु नरही चुक्ता बीमालेखमा बदलिएमा वा खारेज भएमा,
(ग) बीमालेखको वार्षिकोत्सवमा बीमितको उमेर ७० वर्ष पुगेमा ।

३. रद्द:
बीमित वा बीमकले लिखित सूचना गरेमा बीमालेखको कुनै पनि बीमा वार्षिकोत्सव मितिमा पूरक करार रद्द गर्न सकिनेछ । यसरी रद्द गरिएको सूचना बीमकले लिखित रुपमा बीमितलाई दिनु पर्नेछ ।

४. बीमाशुल्क:
यो पूरक करार रद्द वा खारेज भएमा यसको लागि लाग्ने बीमाशुल्क तिर्नु पर्दैन । यो पूरक करार रद्द वा खारेजीको बेलासम्ममा यस पूरक करार बापत बीमकले भुक्तानी प्राप्त गरेको बीमाशुल्क मध्ये यो पूरक करार खारेज भएको मितिले बांकी अवधिको समानुपातिक बीमाशुल्कको साथै पूरक करार रद्द भएपछि प्राप्त हुन आएको पूरक करार अन्तर्गतको थप बीमाशुल्क बीमकले फिर्ता दिनेछ । यसपछिको कुनै बीमाशुल्क भुक्तानी भएमा यस्तो बीमाशुल्क फिर्ता गर्नु बाहेक बीमकको अरु कुनै दायित्व रहने छैन ।

५. सुरक्षण नहुने जोखिमहरु:
देहायको अवस्थामा बीमितको मृत्यु भएमा यो पूरक करार अन्तर्गत बीमकको कुनै दायित्व हुने छैन:
(क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त हवाई सेवा प्रदायकद्वारा संचालित हवाई सेवामा यात्रु भई उडान गर्दा बाहेक अन्य उडान गर्दा,
(ख) मगज बिग्रेको होस् वा नहोस्, बीमा प्रारम्भ वा बीमा पुनर्जागरण भएकोमा पुनर्जागरण भएको मितिले दुई वर्ष भित्र आत्महत्या गरेमा ।
(ग) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध (घोषित वा अघोषित) जस्ता कार्यमा संलग्न भएमा
(घ) ज्यान मार्ने कार्य, नागरिक वा जङ्गी ऐन भंग वा उल्लघंन गरेमा,
(ङ) बीमित कुनै पनि युद्धरत (घोषित वा अघोषित) मुलुकको स्थलसेना, जलसेना वा वायुसेनाको सदस्य भएमा,
(च) बीमित कुनै पनि युद्धरत (घोषित वा अघोषित) मुलुकको स्थलसेना, जलसेना वा वायुसेनासंग काम गरिरहेको कुनै सहायक वा युद्धमा भाग लिने निजामती एकाईको सदस्य भएमा,

(छ) बीमित व्यवसायिक वा अर्ध व्यवसायिक कुनै संगठित खेलकुद क्रियाकलापमा भाग लिदाको अवस्थामा वा प्रतिस्पर्धाहरु, दौडहरु, होडबाजी, बाजी वा हांक, द्वन्द, स्थल, वायु वा जल प्रतियोगिताहरु, पर्वतारोहण, POT Holding, Paragliding, Bungee Jumping, Parachuting वा Scuba Diving मा भाग लिंदाको अवस्थामा ।

६. पेशा परिवर्तन:

यदि बीमितले प्रस्ताव फारममा उल्लेख गरेको पेशा परिवर्तन गरेमा वा प्रस्ताव फारममा उल्लेख गरेको भन्दा अन्य जोखिमपूर्ण उद्यम शुरु गरेमा सो कुराको जानकारी बीमकलाई अविलम्ब दिनुपर्नेछ र सो को आधारमा यस पूरक करारनामा अन्तर्गत लाग्ने बीमाशुल्क पुन: निधार्रण गरिनेछ वा यो पूरक करारनामा रद्द गरिनेछ ।

७. दावी सूचना:

बीमकलाई यथासम्भव छिटो लिखित सूचना दिनुपर्नेछ । सामान्यतया दुर्घटनाबाट मृत्यु भएको खण्डमा लिखित सूचना बीमकलाई ९० दिन भित्रमा दिनु पर्नेछ । ९० दिन भित्र सूचना दिन सम्भव नभएमा सम्भव हुनासाथ मनासिव कारण सहित सूचना दिनु पर्नेछ । दुर्घटनाबाट बीमितको मृत्यु भएको खण्डमा अनिवार्य रुपमा शव परीक्षण प्रतिवेदन ( पोष्टमार्टम रिपोर्ट) वा प्रहरी अनुसन्धान प्रतिवेदन (घटना स्थल प्रकृति मुचुल्का) बीमक समक्ष पेश गर्नु पर्नेछ ।